चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

पत्र संख्या (क.प्र. शाखा) - ०७९।०८०
च.नं.

१ नं. प्रदेश, नेपाल

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७९।१०।१६**

चुलाचुली गाउँ कार्यपालिकाको मिति २०७९।१०।१३ गतेको निर्णयअनुसार तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र यस गाउँपालिकाको राजश्व शाखामा तिरेको रसिद सहित दरखास्त फारम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | ०७/०७९/०८० | अपाङ्गता सहायता सहजकर्ता | सहायक चौथो तह | १(एक) | गाउँपालिकाको महिला बालबालिका शाखा अन्तर्गत |

१. योग्यताः

- नेपाली नागरिक
- अपाङ्गता भएको व्यक्ति
- मान्यताप्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तिर्ण गरेको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

२. आवश्यक काजगातः व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र, अपाङ्गता परिचयपत्र, कार्य अनुभवको प्रमाणपत्रहरु स्वयम् उम्मेद्वारले दस्तखत गरेर प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

३. छनौट सम्बन्धी व्यवस्थाः

- प्रदेश सरकार सामाजिक विकास मन्त्रालय द्वारा जारी गरिएको **स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९** बमोजिम हुनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०७९/११/०१ गते कार्यालय समयभित्र ।

५. परिक्षा दस्तुरः

- रु ३००।- ( रु तीन सय मात्र )

६. तलबः कार्यालयको निर्णायानुसार।

७. उमेरः

- २१ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्नेछ ।

८. परिक्षा मितिः पछि प्रकाशन गरिनेछ।

९. करार अवधिः २०८० असार मसान्त सम्म ।

१०. दरखास्त फाराम तथा अन्य थप जानकारीका लागि गाउँपालिकाको website: https://chulachulimun.gov.np मा हेर्न वा यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

०७९।१०।१६

प्रमुख प्रशासकीय अधिकृत